Total No. of Printed Pages—8

**HS/XII/A. Sc. Com/N/14**

**2 0 1 4**

**NEPALI**

**( Modern Indian Language )**

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A Objective Questions serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** कोष्ठभित्रका सही शब्दहरूले खाली ठाउँ भर : 1×10=10

(क) त्यसैले यो —— धरहरालाई गुँडुल्केर नबसी —— छैन। (सुख/ढल्ने)

(ख) —— देख्ता मुकुन्द क्षार समुद्रमा सेतु —— लागे जस्तो बुझिन्छ। (बाँध्न/चिठी)

(ग) चन्द्रमालाई —— तिमी हिमाल उचाल
यो मेरो मन डगाऊँ भनी —— यो जाल। (खसाल/नरच)

(घ) यो पृथ्वी काँढाको —— हो, कुनै बचेको छैन खुट्टाको ——।
(घाउले/झाङ)

(ङ) यस्तो त एउटै —— फुल्छ —— वसन्तमा। (बाह्र/फूल)

(च) चेली-बेटीको जातले पनि —— कहिल्यै बिर्सन्छ? माइतको —— पनि प्यारो हुन्छ। (कुकुर/माइत)

(छ) ज्ञान जानेर आउँछ भने —— छँदैछ लिन त —— भए जाउँला।
(घर/पोडे)

(ज) तँ —— जस्तो जहाँ समात्यो —— चिप्लिन्छस्। (उहीं/चिप्लेकीरा)

(झ) हाम्रा नेपाली बडा —— छन्, तीर्थ —— समेत हामीलाई साथ लैजान्छन्। (कृतज्ञ/यात्रामा)

(ञ) तिमीले यो —— केही मागिनौ भने मेरो मन —— मनाउनै सक्तैन।
(बेला/उत्सव)

**2.** उत्तरमा 'हो' अथवा 'होइन' लेख : ½×10=5

(क) 'मुकुन्द-इन्दिरा' नाटक ऐतिहासिक नाटक हो।

(ख) नाटककार बालकृष्ण समलाई नेपालीका शेक्सपीयर मानिन्छ।

(ग) रूपनारायणले पढ्ने पत्रिका 'चन्द्रिका' हो।

(घ) चतुरेलाई भेनाज्यू साह्रै मन पर्‍यो।

(ङ) नेपालमा खसहरूको बोली सजिलो र धनी भएकोले राजभाषा भएको हो।

(च) 'मुना-मदन'-को प्रमुख पात्र मदन सुनको व्यापारी थियो।

(छ) टर्नबुल साहेबले *A Nepali Grammar* सन् 1820 मा दार्जीलिङमा लेखे।

(ज) भारतको उत्तर-पश्चिमतर्फबाट नेपाल पस्ने कणौजी ब्राह्मणहरू खस नै थिए।

(झ) 'शत्रु' कथाका कृष्णराय घमण्डी थिए।

(ञ) 'गुन्द्रुकको पुकार' निबन्धमा व्यंग्य पाइन्छ।

**3.** सत्य उत्तर छानेर लेख : ½×10=5

(क) 'मुकुन्द-इन्दिरा' नाटक (गद्य/पद्य/झ्याउरे) शैलीमा लेखिएको छ।

(ख) 'मुकुन्द-इन्दिरा' नाटक (ऐतिहासिक/पौराणिक/सामाजिक) नाटक हो।

(ग) कलकत्ताकी अखतरी ज्यान (एक मशहूर गायिका/मुकुन्दकी साथी/ भवदेवकी पत्नी) थिई।

(घ) नेपालको पहाडी बोलीलाई बेन्स साहेबले नाम दिए (पूर्वी पहाडी/मध्य पहाडी/पश्चिमी पहाडी)।

(ङ) ''बिग्रन्छ जसको भाग्य उसको बुद्धि सड्दछ''—यसो भन्ने व्यक्ति हो (इन्दिरा/मुकुन्द/भवदेव)।

(च) 'गुन्द्रुकको पुकार' निबन्धका लेखक इन्द्र राई/रुद्रराज पाण्डे/पारसमणि प्रधान) हुन्।

(छ) ''सप्को लाग्ने मान्छे सुत्कै गएर मर्छ रे''—यो वाक्य (लोग्ने/शत्रु/परालको आगो) कथामा पाइन्छ।

(ज) जुठे दमाई र उसकी स्वास्नीबीच (घृणा/माया-प्रेम/रीस-राग) पाइन्छ।

(झ) गुरुप्रसाद मैनाली (अस्तित्ववादी/यथार्थवादी/रोमान्टिक) कथाकार हुन्।

(ञ) दानवले अग्नि वर्षा गर्दा दशरथले (हिलो/पानी/हिउँ) वर्षा गरे।

## SECTION—II

( *Marks* : 30 )

**4.** निम्नलिखित प्रश्नहरूका उत्तर *4–5* वाक्यमा लेख : 3×5=15

(क) मदनलाई हैजा लाग्दा कसले कसरी मदत गर्‍यो?

(ख) ''गुन्द्रुकले गरीबको उपकार गरेको छ''—कसरी?

(ग) चतुरेले साहिंलीसित कस्तो कुरा गर्छ?

(घ) पारसमणि प्रधानले कुन-कुन बोलीहरूलाई तुरानियन भनेका छन्?

(ङ) पुनाचा र विमान को को हुन्?

**5.** (क) विपरीत शब्द लेख : ½×4=2

प्राचीन ; सुलभ ; मर्द ; भित्र।

(ख) विशेषण बनाऊ : ½×4=2

क्षण ; नीति ; स्वर्ग ; मुख।

(ग) उपसर्ग छुट्ट्याऊ : ½×4=2

असहाय ; विफल ; प्रतिनिधि ; अभिमान।

(घ) सन्धि विच्छेद गर : ½×4=2

शुभेच्छा ; जीतेन्द्र ; सम्पूर्ण ; देवालय।

(ङ) धातु र प्रत्यय भएका **दुइ-दुइवटा** शब्द लेख र तिनमा भएका धातु र प्रत्यय पनि छुट्ट्याऊ। 1+1=2

(च) कर्म वाच्य, कर्म कारक, अकर्मक क्रिया र प्रेरणार्थक क्रिया-का **एक-एकवटा** उदाहरण देऊ। ½×4=2

(छ) तलका कुनै **तीन** उखानका अर्थ लेख : 1×3=3

वनको काँढालाई तिखार्नु पर्दैन ; एक थुकी सुकी हजार थुकी नदी ;
सेवा गरे मेवा पाइन्छ ; किन रोइस् मङ्गले आफ्नै ढंगले।

**अथवा**

लिङ्ग परिवर्तन गर : ½×6=3

नर ; गुरु ; सम्पादक ; इन्द्राणी ; ढोई ; विदुषी।

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** कसरी मुकुन्दले खलनायक भएर इन्दिराको परीक्षा लियो? वर्णन गर। 7

**अथवा**

'मुकुन्द-इन्दिरा' नाटकमा मूल खाँबोको रूपमा देखिएका भवदेवको चरित्र चित्रण गर।

**7.** 'आधुनिक शिक्षक' निबन्धमा निबन्धकार इन्द्रबहादुर राईले आधुनिक शिक्षकको चरित्र कसरी छर्लङ्ग पारेका छन्? बुझाएर लेख। 7

**अथवा**

''खस भाषाको उन्नतरूप नै आजको नेपाली भाषा हो'' भन्दै डा० पारसमणि प्रधानले कस्ता विचारहरू पोखेका छन्? संक्षेपमा लेख।

**8.** 'मुना-मदन' खण्ड-काव्यकी प्रमुख पात्रा 'मुना'-को चरित्र चित्रण गर। 6

**अथवा**

'परालको आगो' कथामा चामे र गौंथली-बीच भएको झगडालाई आफ्नै शब्दमा प्रस्तुत गर।

**अथवा**

'कैकेयी' कथामा रानी कैकेयी दुइवटा वर माग्नु पर्ने स्थितिमा कसरी पुगिन्? संक्षेपमा बुझाऊ।

**9.** सप्रसंग व्याख्या गर (कुनै **एक**) : 5

(क) लुगाले सब गर्दछ, शृंगार गहना नै हो।

(ख) यो जनै छोई किरिया हाल्छु, ब्राह्मण हुँ,
खोल्ने छैन यो भेद छेडखान नभै सबै।

(ग) नछाडी जानोस् हे मेरा प्राण अकेली मलाई
मनको वनमा ननिभ्ने गरी विरह जलाई।

**10.** यस अनुच्छेदको शीर्षक दिंदै सारांश लेख : 10

बत्ती कति महान हुन्छ। बत्तीको महानता बुझिनसक्नु छ। आफूलाई बालेर बत्तीले प्रकाश फिंजाउँछ, अरूलाई झलमल पारेर उज्यालो दिएर बिचराले आफ्नो अस्तित्व मेटाउँछ। बत्ती कति परोपकारी र निःस्वार्थी हुन्छ त्यस्ताको प्रशंसा गर्दै, स्मरण गर्दै हामीले हाम्रो जीवनमा पनि बत्तीको गुण र स्वभावको अनुसरण गर्नु पर्छ। आजको हाम्रो समाजमा बत्तीजस्तै परोपकारी, त्यागी र स्वार्थहीन व्यक्तिहरूको खनखाँचो छ। स्वार्थी, भ्रष्टाचारी, दुराचारी, कुकृत्यकारी, लोभी र लालची व्यक्तिहरूले यस विशुद्ध धरातललाई दूषित पारिसकेका छन्। अब आजको समाजलाई झूटो आश्वासन र उपदेश दिनेहरू चाहिएको छैन, सुकर्म गर्ने र अर्काको निम्ति बलिदान हुने वीरहरू चाहिएको छ। बत्तीजस्तै मान्छेहरू चाहिएको छ। बत्तीजस्तै मान्छेहरू पनि बुझ्ने भइदिए यो धरतीको रूप-आकृति बदलिने थियो, स्वर्ग यहीं पाइन्थ्यो।

**11.** निम्नलिखित कुनै **एक** विषयमा निबन्ध लेख : 10

(क) तिमीले गरेको कुनै रोचक वा स्मरणीय यात्रा

(ख) विद्यार्थी र कर्त्तव्य

(ग) स्वास्थ्य नै धन हो

(घ) कुनै नेपाली चाड

**12.** ''नेपाली भाषा हाम्रो मातृभाषा हो यसलाई कहिल्यै हेला गर्नु हुँदैन सधैं माया गरिरहनु पर्छ'' भन्दै सम्झाएर कोलकाता बस्ने तिम्रो साथीलाई पत्र लेख। 5

★★★